# उद्दार, राहत र पुर्नस्थापनामा समन्वयकारी भूमिका खेल्न सरकारलाई नागरिक अधिकारकर्मीहरूको आव्हान

२०८३ भाद्र १५, काठमाडौं ।

नेपालको लाङटाङ हिमालको उत्तरी पाखाको हिमचट्टान फुटेर रसुवा, नुवाकोट र धादिङ जिल्लामा भोटेकोशी-त्रिशुली नदीमा मिति २०८३ भाद्र १० गते बुधबार (२६ अगष्ट) आएको विनाशकारी बाढीको वितण्डाका कारण भएको अपूरणीय मानवीय तथा भौतिक क्षतिप्रति हामी नागरिक अधिकारकर्मीहरू स्तब्ध भएका छौं । यस महाविपद्को शोकको घडीमा हामी मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै, मृतकका परिवार तथा आफन्तजनहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं । यसैगरी बाढीको चपेटामा परी हालसम्म हराईरहेका मानिसहरूको सकुशल उद्धारको प्रयासमा सहफलता मिलोस भन्ने आशा व्यक्त गर्दछौं ।

अनपेक्षित र प्रलयकारी विपत्तिका कारण सयौं स्वदेशी तथा विदेशी नागरिक हरूले मृत्यूवरण गर्न पुगेका छन् भने हजारौं मानिसहरू अझैंसम्म हराईरहेका छन् । बाढीका कारण खर्वौं रुपैयाँ बराबरको भौतिक सम्पत्ति क्षती भएको छ । दर्जनौं पक्की पुल बगेका छन् । करिब ९०० मेगावाटका एक दर्जन जलविद्युत आयोजनाहरू प्रभावित हुनुका साथै पचासौं कि.मि. सडकहरू, हजारौं घर तथा व्यापारिक भवनहरूका अलावा हजारौं हेक्टर खेतीयोग्य जमीनमाथि पूर्ण तथा आंशिक क्षति पुगेको छ । साथै, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा लगायतका सरकारी संरचनाहरू ध्वस्त भएका छन् । बाढीले भौतिक तथा मानविय क्षती पु¥याउनुका साथै हजारौं वर्षदेखिको नदी किनाराको मानव सभ्यताहरू समेत तहसनहस पारेको छ ।

भोटेकोशी-त्रिशुलीको बाढीले मानव जीवन र भौतिक सम्पत्तिमा अपूरणीय क्षति पु¥याएको यस दुःखद् घडीमा हामी नेपाल सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट उद्दार तथा राहत वितरणमा गरेको प्रयासमा ऐक्यबद्धता जाहेर गर्दछौं । सुरक्षाकर्मीहरूबाट उद्दार तथा तत्कालिन राहत वितरणमा पु¥याएको योगदानको सराहना गर्दछौं । तर, उद्दार तथा राहत कार्यमा स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई संघीय सरकारबाट वेवास्ता गरिनुलाई गम्भिरतापूर्वक लिएका छौं । साथै, स्थानीय सरकारको संलग्नता र सहभागिता विना उद्दार तथा राहत कार्य र निकट भविष्यमा संचालन हुने बाढी प्रभावितहरूको पुर्नस्थापना कार्य प्रभावकारी हुन नसक्ने हाम्रो ठहर छ ।

यसैगरी सुरक्षाकर्मीहरूको नेतृत्वमा संचालित उद्दार तथा राहत कार्यलाई प्रभावकारी बनाउन र सही सूचना प्रवाह गर्नका लागि सरकारका तर्फबाट एकिकृत सूचना प्रणाली स्थापना गरिनु अत्यावश्यक हुन्छ । सिमित र छानिएका समाचारको वितरणले समाजमा गलत र अफवाहपूर्ण सूचना प्रवाह हुन सक्ने खतरा रहन्छ । तसर्थ, बिपद् व्यवस्थापनमा सरकारबाट भएका प्रयासहरूलाई सही रुपमा समयमा नै सही सूचना प्रवाह हुने वातावरण सुनिश्चित गरिनुपर्दछ । यसका लागि सरकारबाट स्वदेशी तथा विदेशी संचार माध्यमहरूका लागि निर्वाध रुपमा समाचार संकलन गर्नुका साथै प्रसारण तथा प्रवाह गर्ने व्यवस्था मिलाउन आग्रह गर्दछौं ।

बाढीको विपत्तिसँगै नेपाल सरकारले प्रधानमन्त्रीको नेतृत्वको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सक्रिय बनाएको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सहायताका लागि अपिल गरेको छ । सरकारको यस प्रयासमा मित्र राष्ट्रहरू र सबै तहका नागरिकहरूको उत्साहजनक सहभागिता देखिएको छ । उक्त कार्यमा आ-आफ्नो स्थानबाट क्षमता अनुसार सहयोग पु¥याउन समस्त नेपाली नागरिकहरूका अलावा अन्तर्राष्ट्रिय समूदायलाई समेत हामी आग्रह गर्दछौं । बिपद् व्यवस्थापनका लागि सृजित प्रधानमन्त्री राहत कोषमा संकलित रकमको पारदर्शी, जिम्मेवार, जवाफदेही र न्यायपरक ढंगबाट संचालनका लागि बिशेष संयन्त्र सृजना गर्न हामी आग्रह गर्दछौं । साथै, बाढीबाट सृजित बिपद् व्यवस्थापन कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनका लागि राजनीतिक दलहरूको सर्वदलीय संयन्त्र प्रभावकारी हुन सक्तछ भने समस्त प्रक्रियाको निगरानीका लागि संसदीय समिति गठनका लागि पहल गर्न हामी सम्माननीय सभामुख समक्ष बिशेष अनुरोध गर्दछौं ।

बाढी पश्चात् शवहरूको पहिचान र उचित व्यवस्थापन सरकार र पीडित समूदाय दुवैका लागि चुनौतिको बिषय हुन आएको छ । सरकारले केही दिनयता पहिचान नभएका शवहरू जमिनमुनी गाडेर व्यवस्थापन गर्ने प्रक्रिया थालेको छ, जुन जनस्वास्थ्यका दृष्टिकोणले उचित कदम हो । हामी जनस्वास्थ्य र पीडितहरूको शोकको अधिकारको सम्मान गर्दै शवको उचित व्यवस्थापन गर्न आग्रह गर्दछौं ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भाद्र १५ गते विहानसम्म करिब ९ सयको शव संकलन गरिएको, दश हजारको संख्यामा घाइते तथा हराईरहेको र ४ हजारभन्दा बढी सम्पर्कविहिनको अभिलेख गरेको छ भने उद्दार तथा राहतमा झण्डै २१ हजार सुरक्षाकर्मी परिचालन भएको विवरण रहेको छ । तर, संघीय सरकारबाट खोज र उद्धार तथा राहत सामग्री वितरणमा हुनुपर्ने समन्वयकारी र जिम्मेवार भूमिका प्रदर्शन गर्न नसकेको हामीले महसुस गरेका छौं । ढिलासुस्ती र प्रशासनिक झमेला देखिएको छ ।

प्रभावित क्षेत्रको अवलोकन र अनुगमनको क्रममा बाढी पीडितको खोजी र उद्धारमा नेपाली सेना लगायत नेपाल प्रहरी र ससस्त्र प्रहरीको भूमिका प्रसंसायोग्य छ । तर, राहत संकलन र वितरणमा नेपाली सेनाको नियन्त्रणकारी भूमिकाका कारण पीडितहरू थप पीडित हुने संभावना देखिएको छ । राहत वितरणमा सरकारले स्थापना गरेको एकद्वार प्रणाली प्रभावकारी हुन सकेको छैन् । एकद्वार प्रणालीमार्फत नागरिक संघसंस्थाहरूको भूमिकालाई खुम्च्याउने नभई उनिहरूको सहभागितालाई अझ फराकिलो बनाउँदै सरकारी तथा नागरिक संयन्त्रहरूलाई प्रभावकारी रूपमा सरकारले परिचालन गर्नुपर्छ, जसबाट पीडित तथा प्रभावितहरूले द्रुत एवं प्रभावकारी रुपमा राहत र उद्दारको प्रत्यक्ष अनुभूति गर्ने वातावरण सुनिश्चित हुन सक्दछ ।

जलवायु परिवर्तन र बिश्व तापमान बृद्धिका कारण लाङटाङ हिमालस्थित विशाल हिमचट्टान फुटेर हिमतालमा ठूलो शक्तिका साथ बजारिएर तिब्र गतिका साथ नेपालको रसुवा, नुवाकोट र धादिङ जिल्ला बाढीबाट प्रभावित भएको देखिन्छ । हिन्दु कुश हिमालय अन्तगतको नेपाल र चीनको सीमा क्षेत्रमा यस्ता असंख्य हिमतालहरू जोखिमको

अवस्थामा रहेकाले हामी दुवै देशवीच बिद्यमान अन्त्तदेशीय सूचना संयन्त्रलाई थप बैज्ञानिक र प्रभावकारी बनाउन अनुरोध गर्दछौं ।

हामीलाई अनुभव छ की २०७२ बैसाखमा भुकम्प जाँदा स्थानीय सरकारको अभावमा सरकारको सेवा प्रवाहमा जटिलता उत्पन्न भएको थियो । तर, बि.स. २०७६ को कोभिडको बेलामा स्थानीय सरकारको सक्रियताका कारण सचेतना, राहत र औषधोपचार, होल्डिङ सेन्टरको व्यवस्थापन र आवागमन न्यूनीकरण गरी कोभिड संक्रमण रोकथाम गर्नमा महत्वपूर्ण योगदान रहेको थियो । उक्त सिकाईका आधारमा हालको प्रलयकारी बाढीका कारण सृजित विपद् व्यवस्थापनमा पनि उपयोग गर्न र स्थानीय सरकारलाई विपदपछिको राहत वितरण, पुर्नस्थापना र पुर्ननिर्माण कार्यमा नेतृत्वदायी भूमिका प्रभावकारी हुने हाम्रो ठहर छ ।

यसैगरी बाढीका कारण ठूलो संख्यामा बालबालिका, महिला, जेष्ठ नागरिक लगायत बिशेष प्राथमिकतामा पर्ने समूह प्रभावित भएका कारण उनिहरूको शिक्षा, स्वास्थ्य, मनोपरामर्श, उपचार र हेरचाहका अलावा पुर्नस्थापनाका लागि यथाशिघ्र बिशेष कदम चाल्न अनुरोध गर्दछौं । साथै, बाढी पश्चात् दुषित खानेपानी र अस्वस्थ खानाका अलावा शव व्यवस्थापनमा देखिने अन्यौलताका कारण सरुवा रोगको संक्रमण बढ्ने खतरा हुने भएकाले यसको रोकथाम र उपचारका लागि उपयुक्त कदम चाल्न पनि अनुरोध गर्दछौं ।

अन्त्यमा, प्रलयकारी विपद्का कारण उत्पन्न भौतिक, मानसिक तथा भावनात्मक क्षतीको सामना गर्नका लागि सकारात्मक सोच र कार्यको प्रबद्र्धनका लागि हामी सरकार, नागरिक समाज, संचार माध्यम लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूदायसंग अपिल गर्दछौं । मुलुकको यस संकटपूण घडिमा उद्दार, राहत, शव व्यवस्थापन, पुनस्र्थापना र पुर्ननिर्माणका प्रयासमा मानवीयताको दृष्टिकोणबाट सहयोग गर्न समेत सबैमा आव्हान गर्दछौं । उक्त कार्यमा अनुभवी कर्मचारी र बिशेषज्ञ समेत परिचालन गर्न सरकारलाई अनुरोध गर्दछौं । साथै, बिपद् व्यवस्थापनका क्रममा चालिने सरकारका उद्दार, राहत र पुर्नस्थापनासम्बन्धी कार्यहरू मानव अधिकारमैत्री, समावेशी र लैङ्गिक संवेदनशिलताका आधारमा संचालन गर्न पनि हामी आग्रह गर्दछौं ।

**हस्ताक्षरकर्ताहरू :**

1. अस्मिता सापकोटा
2. अजित आर्चाय
3. अभिषेक अधिकारी
4. डा. बिमला राई पौड्याल
5. विष्णु प्रसाद पोखरेल
6. धन बहादुर मिजार
7. डा. गोपालकृष्ण शिवाकोटी
8. इन्द्र अर्याल
9. इन्दु तुलाधर
10. कनकमणि दिक्षित
11. कृष्ण गौतम
12. डा. पद्मप्रसाद खतिवडा
13. भगवती अधिकारी
14. भक्त विश्वकर्मा
15. बद्री भूसाल
16. मोनिका निरौला
17. नीतु पोखरेल
18. निराजन थपलिया

19. नानीमाया थापा
20. डा. प्रकाश भट्राई
21. सरोज नेपाल
22. संजय शर्मा
23. सावित्री थापा
24. शिब खकुरेल
25. सुजित साक्सेना
26. शोभाकर बुढाथोकी
27. शुशील प्याकुरेल
28. शुसिल वि.क.
29. सुवोध प्याकुरेल
30. सोम निरौला
31. त्रिलोतम पौडेल